प्रदेश सरकार
लुम्बिनी प्रदेश
कृषि, खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालय

# स्मार्ट कृषि गाउँ कार्यक्रम सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०७८

मितिः २०७८।१०।२४ को प्रदेश सरकार (मन्त्रिपरिषद्) निर्णयबाट संशोधित

१.सक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "स्मार्ट कृषि गाउँ कार्यक्रम सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०७८" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. यस कार्यविधिको दफा ५(ग) मा संशोधनः कार्यविधिको दफा ५ को (ग) मा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न छनौट गरिएको गाउँका सबै घरधुरीलाई कृषक सहकारीमा आवद्ध गरिनेछ वा समूहहरुमा आवद्ध गराई कार्य शुरु गर्दै कृषि सहकारीमा रूपान्तरण वा सम्बन्धित बाली वस्तुको स्रोत केन्द्र वा सामुहिक कृषि तथा पशुपन्छी फर्म वा कृषक समूहको रुपमा विकास गरी स्थानीय तहको रोहवरमा सम्वन्धित संस्थालाई हस्तान्तरण गरिनेछ" भन्ने शब्दहरु राखी र कृषि सहकारीमा रुपान्तरण गरिनेछ भन्ने शब्दहरु झिकिएको छ ।

३. यस कार्यविधिको दफा ७ (१) मा थप : मूल कार्यविधिको दफा ७ को उपदफा (१) समितिको "गठन गरिनेछ" भन्ने शब्दहरूको सट्टा "गठन गरिनेछ र सो समितिमा सम्बन्धित स्थानीय तहको कृषि तथा पशुपन्छी शाखाको प्रमुख वा प्रतिनिधि समितिको पदेन सदस्य हुनेछ" भन्ने शब्द राखिएको छ। .

४. यस कार्यविधिको दफा ८ (३) मा थप : मूल कार्यविधिको दफा ८ को उपदफा ८ (३) को खण्ड (ङ) पछाडी देहायका शब्दहरु थप गरिएको छः

"तर प्राकृतिक वा दैवी प्रकोप तथा माहामारी वा आकास्मिक वा अप्रत्याशित विशेष कारणबाट तोकिएको प्रगति हासिल गर्न नसकेका कार्यक्रमहरूको औचित्य पुष्टी भएमा निरन्तरता दिने सम्बन्धी निर्णय गर्ने ।"

५.यस कार्यविधिको दफा १२ मा थपः मूल कार्यविधिको दफा १२ को उपदफा २ पछि देहायको उपदफा (२क) थप गरिएको छः

"उपदफा २ (क) स्थानीयतहको लागत सहभागिता नभएमा सबै साझेदारी रकम सम्बन्धित स्मार्ट गाउँले नै गर्नु पर्ने र लागत साझेदारी भएमा कुल लागत साझेदारी रकमको कम्तिमा एक चौथाई रकम सम्बन्धित स्मार्ट कृषि गाउँले नै साझेदारी गर्नु पर्नेछ।"

६.यस कार्यविधिको दफा १३ मा थपः दफा १३ को उपदफा (३) पछी देहायको उपदफा (४) थप गरिएको छः



सचिव

प्रदेश सरकार
लुम्बिनी प्रदेश
भूमि, कृषि प्रविधि तथा भूमि व्यवस्था मन्त्रालय
बुटवल, नेपाल

“उपदफा (४) यस दफाको उपदफा (१), (२) र (३) मा क्रियाकलाप अनुसार अनुदानको मात्रा उल्लेख भएता पनि कुल योजना रकममा दफा १२ को उपदफा (२) को अनुपात कायम हुने गरी साझेदारी गर्नु पर्नेछ।“

सचिव